राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया [illegible], दाङ
लुम्बिनी प्रदेश, नेपाल

## आ.व. २०८२|८३ को पाँचौ कार्यपालिका बैठक

आज मिति २०८२|०७|२३ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २. | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३. | सदस्य (वडा नं.१ अध्यक्ष) | श्री गेमे खड्का | |
| ४. | सदस्य (वडा नं.२ अध्यक्ष) | श्री पहलवान चौधरी | |
| ५. | सदस्य (वडा नं.३ अध्यक्ष) | श्री उमेश अधिकारी | |
| ६. | सदस्य (वडा नं.४ अध्यक्ष) | श्री विर बहादुर चौधरी | |
| ७. | सदस्य (वडा नं.५ अध्यक्ष) | श्री देव प्रसाद चौधरी | |
| ८. | सदस्य (वडा नं.६ अध्यक्ष) | श्री दीपक कुमार चौधरी | |
| ९. | सदस्य (वडा नं.७ अध्यक्ष) | श्री सिताराम चौधरी | |
| १०. | सदस्य (वडा नं.८ अध्यक्ष) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११. | सदस्य (वडा नं.९अध्यक्ष) | श्री रिम बहादुर सुनारी मगर | |
| १२. | सदस्य | श्री पार्वती सुबेदी | |
| १३. | सदस्य | श्री चम्फा भुसाल | |
| १४. | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५. | सदस्य | श्री गिता चौधरी | |
| १६. | सदस्य | श्री सावित्री चौधरी | |
| १७. | सदस्य | श्री संजिव परियार | |
| १८. | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९ | वरिष्ठ लेखा अधिकृत | श्री लेखरा भण्डारी | |
| २० | प्रशासकीय अधिकृत | श्री विकास ज्ञवाली | |
| २१ | वरिष्ठ लेखा सहायक | श्री रेशमराज अधिकारी | |
| २२ | बालचन्द्र मुण्ड | सूचना अधिकृत | |

आ.व. २०८२।८३

बैठक नं. ५

मिति २०८२।०७।२३

**मिति २०८२।०७।२३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| २ | नदिजन्य पदार्थको उत्खनन् सम्बन्धी विषय | प्रारम्भिक वातावरणीय परीक्षणको मौजुदा परिमाण पुनरावलोकन प्रतिवेदन स्विकृत गर्ने । | |
| ३ | भू वर्गिकरण सम्बन्धमा | भुवर्गिकरणमा छुटेका छुट कित्ता समावेश गर्ने | |
| ४ | करार भङ्ग सम्बन्धमा | आधारभुत अस्पतालका २ जना करार सेवाका कर्मचारीको सेवा भङ्ग गर्ने। | |
| ५ | पदपुर्ति सम्बन्धमा | ३ जना स्टाफ नर्सको पदपुर्ति पकृया अगाडि बढाउने | |
| ६ | कानुनी सल्लाहकारको सेवा लिने सम्बन्धी विषय | परामर्श सेवा मार्फत कानुनी सल्लाहकारको सेवा लिने। | |
| ७ | अव्यवस्थित बसोबासीहरुको विवरण सम्बन्धमा। | अव्यवस्थित बसोबासीहरुको विवरण अनुमोदन गर्ने। | |
| ८ | सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा | लाभग्राही छनौट गर्ने। | |
| ९ | कार्यविधि संसोधन सम्बन्धमा | अस्पताल संचालन कार्यविधि २०८१ संसोधन गर्ने | |
| १० | राष्ट्रपति रनिङ शिल्ड सम्बन्धमा | राष्ट्रपति रनिङ शिल्ड संचालन तथा व्यवस्थापनका रकम उपलब्ध गराउने। | |
| ११ | शिक्षकको अपुग तलब माग सम्बन्धमा | अपुग तलव माग गर्ने। | |
| १२ | शिक्षक कामकाज / दरवन्दी मिलान संसोधन सम्बन्धमा। | केही शिक्षकहरुको दरवन्दी मिलान संसोधन तथा कामकाजमा खटाउने। | |

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३

बैठक नं. ५

मिति २०८२।०७।२३

**मिति २०८२।०७।२३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१** - यस अघिका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२** – परामर्शदाता संस्था नेपाल सेन्टर फर ईन्भाईरोमेन्टल रिसर्च प्रा.लि. च्यासल ललितपुरद्धारा पेश भएको राप्ती गाउँपालिकाको क्षेत्राधिकार भित्र बग्ने राप्ती नदीको विभिन्न वगर क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको मौजुदा परिमाण पुनरावलोकन प्रतिवेदन स्विकृत गर्ने ।

**निर्णय नं. ३**- राप्ती गाउँपालिकाको भु उपयोग योजना तथा कित्तागत क्षेत्र वर्गिकरणको छुट विवरण स्विकृत तथा समावेश गरी स्विकृत गर्ने ।

**निर्णय नं. ४** - दोश्रो पक्षको काम कारवाही सन्तोषजनक नभएमा पहिलो पक्षले ७(सात) दिनको अग्रिम सुचना दिई पहिलो पक्षले कुनै पनि समयमा करार तोड्न सक्ने करार सम्झौतामा उल्लेख भए बमोजिम काम सन्तोषजनक नभएका राप्ती आधारभुत अस्पतालमा अहेव पदमा कार्यरत कर्मचारीद्धय श्री मेकराज खत्री र सुजन रोकायसंगको करार सम्झौता मिति २०८२।०८।०१ गते देखि लागु हुने गरी भङ्ग गर्ने ।

**निर्णय नं. ५**- राप्ती आधारभुत अस्पतालको २४ घण्टे आकस्मिक सेवालाई थप प्रभावकारी बनाउन देहाय बमोजिम पदपुर्तिका लागि पकृया अगाडि बढाउने ।

| क्र.सं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | स्टाफ नर्स | पाँचौ | ३ | |

**निर्णय नं. ६**- राप्ती गाउँपालिकाको न्यायिक समितिलाई प्रभावकारी बनाउनका लागि कार्यालयको आवश्यकताका आधारमा मौजुदा प्रचलित प्रावधान बमोजिम सेवा करार मार्फत कानुनी सल्लाहकारको सेवा लिने ।

**निर्णय नं.७**- राप्ती गाउँपालिकाको वडा स्तरीय सहजिकरण समिति मार्फत प्राप्त विवरणका आधारमा राप्ती गाउँपलिकाको स्थानीय तह स्तरीय भूमी समस्या सहजिकरण समितिले सिफारिस गरे बमोजिम प्राप्त अव्यवस्थित बसोबासीहरुको विवरण अनुमोदन गर्ने ।

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

बैठक नं. ५
मिति २०८२।०७।२३

**निर्णय नं. ८–** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत राप्ती गापामा आर्थिक वर्ष २०८२।८३ मा कार्यन्वयन हुने लागि वडागत संख्याका आधारमा तपशिल बमोजिम लाभग्राही छनौट गर्ने ।

| वडा नं. | जम्मा लाभग्राही | छनोट भएका लाभग्राही | कैफियत |
|---|---|---|---|
| १ | ५७ | ३ | |
| २ | ७४ | ४ | |
| ३ | २१५ | १० | |
| ४ | १९७ | १० | |
| ५ | २३९ | १२ | |
| ६ | ७६ | ४ | |
| ७ | ३८ | २ | |
| ८ | ३४ | २ | |
| ९ | ११७ | ६ | |
| **जम्मा** | १०४७ | ५३ | |

**निर्णय नं.९-** राप्ती गाउँपालिकाको राप्ती आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली २०८१ मा देहाय बमोजिम संसोधन गरी स्विकृत गर्ने ।

परिच्छेद– ५ कोष व्यवस्थापन

२०. अस्पताल संचालन कोष: **हटाईएको** (५) र (६)

(५) उपनियम (१) बमोजिमको कोषको सञ्चालन र खर्च संचालक समितिको सिफारिसमा गाउँकार्यपालिकाले तोकिए बमोजिम गर्न सक्नेछ ।

(६) अस्पताल संचालन र ब्यबस्थापनका लागी पच्चिस हजार रुपैयाँ सम्मको खर्च संचालक समितिको अध्यक्षको स्वीकृतिमा मेडिकल सुपरिटेण्डेण्टले गर्न सक्नेछ ।

२०. अस्पताल संचालन कोष: **थपिएको** (५)

(५) अस्पताल संचालन तथा व्यवस्थापनका लागि कोषको संचालन अस्पतालको मेडिकल सुपरिटेन्डेन्ड र राप्ती गाउँकार्यपालिकाको कार्यालयले खटाएको स्थायी कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं. ५
मिति २०८२।०७।२३

**निर्णय नं.१०-** राप्ती गाउँपालिकाको आ.व. २०८२/८३ वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीयस्तरको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि श्री माध्यमिक विद्यालय मौरीघाटलाई रु. ५०००००।- उपलब्ध गराउने ।

**निर्णय नं ११-** माध्यमिक तह कक्षा ९-१० तथा आधारभूत तह कक्षा ६-८ मा अंग्रेजी गणित र विज्ञान शिक्षक व्यवस्थापनका लागि शिक्षण सहयोग अनुदान चालु आ.व. २०८२/८३ मा रकम रु. ६२४१०००।- मात्र प्राप्त भई शिक्षक व्यवस्थापनमा समस्या भएकोले चालु आ.व. को लागि यसैसाथ संलग्न बमोजिमको थप रकम शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा माग गर्ने:

तपसिल

| क्र.स. | तह | शिक्षक संख्या | मासिक तलब दर | १२ महिना | चाडपर्व खर्च | पोशाक खर्च | जम्मा आवश्यक पर्ने रकम | हाल गाउँपालिकालाई प्राप्त रकम | थप निकाशा हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | माध्यमिक | 15 | 43689 | 7864020 | 655335 | 150000 | 8669355 | 5780000 | 2889355 |
| 2 | आधारभूत | 4 | 34730 | 1667040 | 138920 | 40000 | 1845960 | 461000 | 1384960 |
| | | जम्मा | | 9531060 | 794255 | 190000 | 10515315 | 6241000 | 4274315 |

**निर्णय नं. १२-** श्री जनता माध्यमिक विद्यालय करङ्गेकोटको माध्यमिक तह तृतीय श्रेणीका स्थायी शिक्षक श्री सरस्वती आचार्य (संकेत नं १९१००८) सुत्केरी भई प्रसुति विदामा रहेकोमा स्वास्थ्य अवस्था, शिशु स्वास्थ्य संवेदनशीलता, प्रतिकुल मौसमका कारण सार्वजनिक यातायात दैनिक रुपमा उपलब्ध नहुने भएकोले दैनिक रुपमा हाल कार्यरत विद्यालयमा गई पठनपाठन गराउन कठिनाई हुने भएकोले उक्त मिति २०८२।०७।११ गतेदेखि राजमार्ग क्षेत्रको कुनैपनि विद्यालयमा काज खटाइदिन अनुरोध गरी मिति २०८२।०६।०९ मा निवेदन पेश गरेकोमा आमा तथा बच्चाको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी बढीमा तीन महिनाको लागि श्री माध्यमिक विद्यालय मौरीघाटमा कामकाजमा खटाउने ।

**निर्णय नं. १३-** श्री जनता माध्यमिक विद्यालय करङ्गेकोटमा कार्यरत प्राथमिक तह राहत शिक्षक श्री धनिराम घर्तिमगरले ढाडको नसा च्यापिएर नियमित रुपमा फिजियो थेरापी गर्नुपर्ने भएकोले पायक पर्ने विद्यालयमा काज खटाई दिन अनुरोध गरी मिति २०८२।७।१६ मा निवेदन पेश गर्नु भएको सन्दर्भमा निजको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी बढीमा तीन महिनाको लागि श्री माध्यमिक विद्यालय मौरीघाटमा कामकाजमा खटाउने ।

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं. ५
मिति २०८२।०७।२३

**निर्णय नं. १४-** श्री वि पी आधारभूत विद्यालय बसन्तापुरमा कार्यरत शिक्षक श्री देविराम चौधरी मिति २०८२।७।११ गतेदेखि अनिवार्य अवकाश भई रिक्त रहेको पदमा सरुवा गराई पाउँ भनी मिति २०८२।७।१६ मा श्री प्राथमिक विद्यालय थकरीकोटको प्राथमिक तह तृतीय श्रेणीका स्थायी शिक्षक श्री खेमहरी बैदिकले सरुवा गराई पाउँ भनी निवेदन पेश गर्नु भएकोमा दरबन्दी तथा अनुदान पुनर्वितरण तथा मिलान सम्बन्धी कार्यदलको प्रतिवेदन २०८२ ले रिक्त हुने पदमा दरबन्दी मिलानको क्रममा दर्गम क्षेत्रमा पदस्थापना भएका शिक्षकहरुलाई प्राथमिकतामा राखी सुगम क्षेत्रमा मिलान गर्ने गरी दिएको सुझावसमेतको आधारमा शिक्षक श्री खेमहरी वैद्धिकलाई वि पी आधारभूत विद्यालय बसन्तापुरमा मिलान गरी श्री प्राथमिक विद्यालय थकरीकोटमा रिक्त पद कायम गर्ने ।

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत